त्रिभुवन विश्वविद्यालय

जनप्रशासन क्याम्पस

बल्खु, काठमाडौं

स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन २०८१

नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी र नयाँशक्ति विद्यार्थी युनियनको

**प्रतिबद्धता पत्र**

१. जन प्रशासन क्याम्पसको शैक्षिक क्यालेण्डर निर्माण गरी क्याम्पसका सम्पूर्ण कार्यक्रम अनिवार्य रुपमा सोही अनुरुप सञ्चालन गर्न पहल गरिने।

२. जनप्रशासनको स्नातक कार्यक्रम (बीपीए) लाई स्नातकोत्तर (एमपिए) जस्तै नियमित कार्यक्रम बनाउन पहल गरिने।

३. डिजिटल जन क्याम्पसको अवधारणा अनुरुप भर्ना शुल्क तथा अन्य शुल्कहरुको भुक्तानी, भर्ना फाराम, रिजल्ट प्रकाशन तथा क्याम्पसको सबै सूचना प्रवाह समेतलाई पूर्ण रुपमा डिजिटलाइज्ड तथा अनलाइनमा आधारित बनाउन पहल गरिने।

४. Governance ल्याबको स्थापना गरी सम्पूर्ण विद्यार्थीलाई शासकीय ज्ञान, सीप विकास र प्रशासनिक क्षमता अभिवृद्धि गरिने वातावरण उपलब्ध गराउन पहल गरिने।

५. निजामती सेवा, बैकिङ र अन्य सार्वजनिक संस्थानमा सेवा प्रवेशका लागि लोकसेवा आयोगले लिने परीक्षाको विषय विज्ञहरुबाट निशुल्क तयारी कक्षा सञ्चालन गरिने, नियमित नमूना परीक्षा (mock test) को व्यवस्था गरिने।

६. नेपाल सरकारका विभिन्न मन्त्रालय, संस्थान तथा बैंकहरुमा जनप्रशासन क्याम्पसका विद्यार्थीहरुका लागि paid internship को व्यवस्थाका लागि पहल गरिने।

७. जनप्रशासन अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नीति निर्माण प्रक्रियामा ज्ञान तथा अनुभव प्रदान गर्न Policy Lab स्थापनाको पहल गरिने । संसद, संसदीय समिति, अदालत जस्ता कानून निर्माण तथा कानूनको व्याख्या गरिने निकायहरुमा अनिवार्य रुपमा स्थलगत अध्ययनको विषयलाई पाठ्यक्रममै समावेश गर्न पहल गरिने।

८. Simulation program अन्तर्गत विद्यार्थीहरुलाई विभिन्न शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रममा सहभागी गराउन पहल गरिने।

९. जनप्रशासन क्याम्पसका विद्यार्थीलाई सार्वजनिक प्रशासन सम्बद्ध विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय सेमिनार, तालीम तथा सम्मेलन आदिमा सहभागिता र Exposure का साथै शोध अनुसन्धानमा संलग्नताका लागि नेपाल जनप्रशासन संघ (पान) सँग सहकार्य गर्न पहल गरिने।

१०. जनप्रशासन अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई विभिन्न सेवा आयोगको परीक्षामा विशेष कोटाको लागि पहल गरिने।

११. विशेष क्षमता भएका (अपांगता भएका) विद्यार्थीहरुलाई क्याम्पसमा लाग्ने सबै प्रकारका शुल्कमा छुट तथा पूर्ण छात्रवृत्तिको व्यवस्था गर्न पहल गरिने।

१२. अनलाइन कक्षालाई प्रभावकारी बनाउने, कमजोरी हटाउने र सम्पूर्ण पाठ्यक्रमको अनलाइन कक्षा सुनिश्चत गर्न पहल गरिने।

१३. साप्ताहिक विज्ञ कक्षालाई नियमित तथा प्रभावकारी बनाउने, विज्ञ कक्षालाई भौतिक माध्यममा सञ्चालनसँगै अनलाइनमार्फत् समेत प्रशारण गरी सबै विद्यार्थीलाई लाभान्वित बनाउन पहल गरिने।

१४. क्याम्पसको पुस्तकालयलाई थप व्यवस्थित तथा आधुनिक बनाउँदै दिनहुँ १८ घण्टासम्म लाइब्रेरी खुला गरिने, छुट्टै अध्ययन कक्षको स्थापना गरिने र स्वतन्त्र विद्यार्थी युनियनको कार्यालयमा छुट्टै मिनी लाइब्रेरीको स्थापना गरिने।

१५. खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि क्याम्पसमा व्यवस्थित तथा सुविधायुक्त मैदानको व्यवस्थापन र आवश्यक खेलकुद सामग्री उपलब्ध गराइने।

१६. क्याम्पसमा जिर्ण भएका भौतिक पूर्वाधारको पुनर्निर्माण, विद्यमान तथा नयाँ निर्माण हुने भौतिक पूर्वाधारलाई अपाङ्गतामैत्री बनाउन पहल गरिने।

१७. महिला मैत्री जनप्रशासन भन्ने नाराका साथ क्याम्पसमा छात्राहरुका लागि सेनिटरी प्याड भेन्डिङ मेसिन राख्न पहल गरिने

१८. हरेक कक्षा कोठामा डिजिटल शिक्षण बोर्ड तथा सिसिटिभी क्यामेरा जडान गर्न पहल गरिने।

१९. क्याम्पसको शैक्षिक शुल्क घटाउन पहल गरिने। विद्यार्थीहरुले पुस्तकालयबाट पुस्तक लगेर फर्काउनुपर्ने अवधिलाई बढाउन पहल गरिने।

२०. क्याम्पस परिसरमा रहेको क्यान्टिनमा सुधार गरिने, सुलभ दरमा सफा र स्वच्छ खाजा उपलब्ध गराउन पहल गरिने।

२१. क्याम्पस प्रशासनको कामलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउने तथा विद्यार्थीहरुका गुनासाहरुको तत्काल सम्बोधनका लागि Rapid Response Team गठन गरिने।